# योजना तथा कार्यक्रम संचालन निर्देशिका २०७४

## वेनीघाट रोराङ गाउँपालिका

वेनीघाट रोराङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, धादिङ

# योजना तथा कार्यक्रम संचालन निर्देशिका २०७४

**भूमिकाः**

गाउँपालिकाभित्र लागत सहभागिताको आधारमा विभिन्न किसिमका पूर्वाधार विकास तथा अन्य विकासमूलक कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले जनपरिचालनमा आधारित श्रममूलक विकास कार्यक्रमहरु संचालन गर्नको लागि समुदायको अग्रसरता र लागत सहभागितालाई प्रोत्साहन गर्ने गरी अधिकतम श्रममूलक कार्यक्रमहरु संचालन गर्ने उद्देश्यले कार्यक्रमको व्यवस्थापन, स्वामित्व तथा खर्च प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न यो निर्देशिका स्वीकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "वेनीघाट रोराङ गाउँपालिकाको योजना तथा कार्यक्रम संचालन निर्देशिका २०७४" रहेको छ ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-**

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

(ख) "उपभोक्ता समिति" भन्नाले गाउँपालिकाबाट सञ्चालन हुने योजनाका उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

(ग) "टोल विकास संस्था" भन्नाले गाउँपालिकाका विभिन्न टोलहरुको सामुदायिक विकासका लागि स्थानीय स्तरमा गठन भई गाउँपालिकामा विधिवत दर्ता भएका टोल विकास संस्थालाई जनाउँछ ।

(घ) "सामुदायिक संस्था" भन्नाले मूनाफा रहीत सामाजिक कार्य गर्ने गरी जिल्लामा दर्ता भएको संस्थालाई जनाउँछ ।

(ङ) "आन्तरिक स्रोत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को गाउँपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गतका शीर्षकहरुबाट उठेको रकमलाई जनाउँछ ।

(च) "साझेदारी संस्था" भन्नाले गाउँपालिकासँग लागत सहभागितामा कार्यक्रम संचालन गर्ने संघ संस्था वा निकायलाई जनाउँछ ।

(छ) "विषयगत निकाय" भन्नाले जिल्ला स्थित सरकारी कार्यालय र तिनका शाखा/ईकाईहरुलाई जनाउँछ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको "स्थानीय तह हेर्ने" मन्त्रालयलाई जनाउँछ ।

**३. उद्देश्यः यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

३.१ योजना सञ्चालन सम्बन्धी प्रकृयालाई सरल, स्पष्ट र पारदर्शी बनाउने ।

३.२ लागत सहभागिताका आधारमा योजना सञ्चालन गर्न आम गाउँवासीहरुलाई प्रोत्साहित गर्ने ।

३. ३ तोकिएको समय सीमा भित्रै स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने ।

३.४ लागत सहभागिताको माध्यमबाट सम्पन्न हुने पूर्वाधारका योजनाहको मर्मत सम्भारको जिम्मा उपभोक्ता स्वंमले ग्रहण गर्ने वातावरण सृजना गर्ने ।

**४. यस निर्देशिका अन्तर्गत संचालन हुने कार्यक्रमका क्षेत्रहरू**

जनसहभागितामा आधारित विकास निर्माणका कार्यहरु संचालन गर्नका लागि निम्नलिखित विषयगत क्षेत्रका योजनाहरु संचालन गर्न सकिनेछ :

(क) सिंचाई तथा नदी नियन्त्रण, पहिरो नियन्त्रणसँग सम्वन्धित कार्य ।

(ख) पक्की सडक पूल तथा कल्भर्ट र पक्की ड्रेन निर्माणसँग सम्वन्धित कार्य ।

(ग) खानेपानी तथा सरसफाईसँग सम्वन्धित साना पूर्वाधार निर्माणका कार्य ।

(घ) शैक्षिक विकाससँग सम्वन्धित विद्यालय, पुस्तकालय आदिको निर्माण कार्य ।

(ङ) धार्मिक तथा पर्यटकीय स्थलहरुको निर्माण तथा जिर्णोद्धारसँग सम्वन्धित कार्य ।

(च) सार्वजनिक जमिन संरक्षण हरियाली क्षेत्र र पार्क निर्माण सम्बन्धी कार्य ।

(छ) स्वास्थ्य चौकी, सामुदायिक भवन, वृद्धाश्रम निर्माण सम्बन्धी कार्य ।

(ज) गाउँ सभाले स्वीकृत गरेका अन्य योजना तथा कार्यक्रमहरु ।

**५. योजनाको किसिम र लागत सहभागिताको स्वरूप**

५.१ यस निर्देशिका बमोजिम संचालन हुने पूर्वाधार योजनाहरुको कार्यान्वयन गर्दा श्रममूलक प्रविधि अवलम्बन गर्न प्राथमिकता दिइनेछ ।

५.२ रु. दश लाखभन्दा बढीका सडक, सिंचाई, खानेपानी तथा ढल निकास, भवन निर्माण र भू-क्षय नियन्त्रणका योजना संचालनका लागि गाउँपालिकाले ५०/५०, ६०/४० र ७०/३० को लागत सहभागिताका लागि सूचना प्रकाशित गरी बढी लागत सहभागिता जुटाउने उपभोक्ता समितिलाई कामको जिम्मेवारी दिन सक्नेछ ।

५.३ बुँदा ५.२ बमोजिम लागत सहभागिता नजुटेमा स्थानीयस्तरमा पाइने सामाग्रीको प्रयोग गरी गरिने कार्यमा कम्तीमा २० प्रतिशत र स्थानीय स्तरमा नपाइने सामाग्री खरिद गरी संचालन गरिने कार्यमा कम्तीमा १० प्रतिशत रकम उपभोक्ताहरुले श्रम र नगदको रुपमा व्यहोर्ने गरी योजना संचालन गरिनेछ ।

५.४ माथि उल्लेखित प्रतिशत भन्दा बढी हुने गरी कुनै उपभोक्ता समितिले लागत सहभागिताको अंश तय गरेमा सोही बमोजिम नै लागत सहभागिता तोक्न सकिनेछ ।

५.५ श्रममूलक तबरबाट मात्र काम हुन नसक्ने भएमा गाउँपालिकाको पूर्व स्वीकृति र लगत इष्टिमेट स्वीकृत गराई वातावरणमैत्री तबरबाट मेशीनरीको पनि प्रयोग गरी काम गर्न सकिने छ । तर,

श्रममूलक तवरवाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गरी मेशीनरीको प्रयोग गरे गराइएको पाइएमा तत्कालै आवश्यक कार्वाही गरी भुक्तानी लिएको रकम समेत असुल उपर गरिनेछ ।

५.६ श्रममूल तवरबाट हुन नसक्ने वा उपभोक्ताहरुको सक्रियता कम भएका वा ठेक्कापट्टाका माध्यमबाट सहज हुने रु. पाँच लाख भन्दा बढीका योजनाहरु ठेक्कापट्टाका माध्यमबाट संचालन गर्न सकिनेछ ।

## ६ योजना प्रस्ताव पेश गर्ने र स्वीकृत गर्ने :

६.१ गाउँ सभाबाट स्वीकृत भै सकेका योजनाहरु कार्यान्वयन गर्न त्यस योजनाबाट प्रत्यक्ष लाभान्वित हुने समुदायले आपसी भेला एवं छलफलद्वारा योजना संचालन सम्बन्धी प्रस्ताव तयार गरी गाउँपालिका/वडा कार्यालय समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त भएका प्रस्तावहरुको अध्ययन गरी गाउँपालिकाले योजना कार्यान्वयनको प्रक्रिया अगाडी बढाउँछ ।

६.२ योजना संचालन गर्न प्रस्ताव पेश गर्ने उपभोक्ता समितिहरुले आ.व. ०७४।७५ को हकमा फाल्गुण मसान्तभित्र गाउँपालिका/वडा कार्यालय समक्ष योजना संचालन सम्बन्धी प्रस्ताव पेश गरी सक्नु पर्नेछ । गाउँपालिाकाले चैत्र मसान्तभित्र योजनाको संचालन स्वीकृत तथा सम्झौता गरी सक्नेछ । योजना संचालन गर्ने उपभोक्ता समितिहरुले जेष्ठ मसान्तभित्र तोकिएको योजना सम्पन्न गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि पेश भएका योजना कार्यान्वयन प्रक्रिया अगाडी बढाइने छैन । आगामी आ.व. देखि मंसिर मसान्तभित्र प्रस्ताव पेश गरी सक्नु पर्नेछ भने गाउँपालिकाले पौष मसान्तभित्र प्रस्ताव स्वीकृत गरी योजना सम्झौता गरिसक्नेछ । यसरी सम्झौता भएका योजनाहरुको कार्यान्वयन जेष्ठ मसान्तसम्म सम्पन्न गरी फरफारकका लागि पेश गर्नु पर्नेछ ।

६.३ योजना प्रस्ताव तयार गर्दा विषयगत कार्यालय, संघ संस्था तथा अन्य कार्यक्रमसँगको साझेदारीमा पनि गर्न सकिनेछ । यसरी कार्यक्रम सञ्चालन गरिने भए प्रत्येक निकाय, संस्था वा कार्यक्रमबाट व्यहोरिने लागत समेत प्रस्तावमा खुलाउनु पर्नेछ ।

६.४ उपभोक्ता समितिले योजना कार्यान्वयन कहिले र क-कसको जिम्मेवारीमा गर्ने हो भन्ने कुरा समेत उल्लेख गरी त्यसको कार्यतालिका आफ्नो प्रस्तावमा समावेश गर्नुपर्नेछ ।

६.५ योजनाको प्रस्ताव तयार गर्न जनशक्ति आवश्यक पर्ने भएमा गाउँपालिका/वडा कार्यालयले प्राविधिक जनशक्ति उपलब्ध गराउन सक्नेछ ।

६.६ योजनाको प्रस्तावको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ । यो योजना प्रस्ताव ३ प्रति तयार गर्नु पर्नेछ । योजना स्वीकृत भएपछि स्वीकृत भएको व्यहोरा जनाई एक प्रति सम्बन्धित उपभोक्ता समिति वा प्रस्ताव पेश गर्ने निकाय, एक प्रति गाउँपालिका/वडा कार्यालय र एक प्रति आर्थिक प्रशासन शाखामा राख्नु पर्नेछ ।

६.७ योजना स्वीकृत भएपछि गाउँपालिका/वडा कार्यालय मार्फत् सम्बन्धित उपभोक्ता समितिसँग योजना कार्यान्वयन (अनुसूची २ बमोजिम) सम्झौता गरिनेछ ।

## ७. योजनाको लागत अनुमान, सुरपरिवेक्षण र मूल्याँकन सम्बन्धी व्यवस्था

७.१ गाउँपालिकाले योजनाहरूको लागत अनुमान तथा डिजाईन, संचालित योजनाको सुपरिवेक्षण र नाप जाँच तथा मुल्याँकनका कार्यहरु गाउँपालिकाका सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट हुनेछ ।

७.२ योजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा गाउँपालिकाले पारित गरेको दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्नेगरी तयार गरिनेछ ।

७.३ लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गरिनेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिश प्राप्त भएमा सोही अनुसार स्वीकृत मापदण्ड बमोजिम लागत अनुमान तयार गरिनेछ ।

७.४ रु. तीन लाख सम्मका योजनाको अन्तिम मूल्याँकन प्राप्त भई फरफारक समितिले अनुमोदन गरे पश्चात मात्र एकमुष्ठ भुक्तानी गरिनेछ ।

**८. उपभोक्ता समिति सम्बन्धी व्यवस्था :**

८.१ उपभोक्ता समितिबाट योजना कार्यान्वयन र सञ्चालन गर्दा योजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित योजनास्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । तर, स्थानीय स्तरमा गठन भएका टोल विकास संस्था वा सामुदायिक संस्थाहरुले योजना कार्यान्वयन गर्ने भनी विधिवत प्रक्रिया पुऱ्याई आएमा यस्ता संस्थाहरुलाई नै उपभोक्ता समितिको मान्यता दिन सकिनेछ । यसरी गठन हुने उपभोक्ता समितिका सदस्यहरुले आ-आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

८.२ स्थानीय तहका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय तहको कुनै पनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

८.३ उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनु पर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनु पर्नेछ ।

८.४ एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकाघरसगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

८.५ उपभोक्ता समिति गठन गर्दा वडा अध्यक्ष/वडा सदस्यको रोहबरमा गर्नुपर्नेछ । प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

८.६ तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा गाउँपालिका/वडा कार्यालयले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट योजना सञ्चालन गर्न सकिनेछ ।

८.७ योजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने योजनालाई प्राथमिकता दिइनेछ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोनुपर्ने सहभागिता बापतको रकम गाउँपालिकाको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गरिनेछ ।

८.८ यस निर्देशिका बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा योजनाहरू र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने भनी पेश भएको अवस्थामा उपभोक्ता समितिलाई रकम भुक्तानी दिइने छैन ।

८.९ तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गरिनेछ ।

८.१० उपभोक्ता समितिको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ । खातां संचालकहरूको तीनपुस्ते खुलेको कागजात गाउँपालिकामा अभिलेख राख्नुपनर्छे ।

८.११ उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची- ३ बमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ । गाउँपालिकाबाट कुनै पनि समयमा उपभोक्ता समितिको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

८.१२ योजना संचालन गर्ने उपभोक्ता समितिहरुले आफ्नो खाताबाट पचास हजारभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक चेक मार्फत दिनु पर्नेछ ।

८.१३ रु पाच लाख भन्दा वढि रकमको आयोजनाहरुमा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा अनुमानित सम्पन्न मिति समेत खुल्ने गरी सम्वन्धित कार्यस्थलमा योजना सूचना पाटी राख्नु पर्नेछ ।

८.१४ उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनु पर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध गाउँएको भनी सम्वन्धित लाभग्राहीहरुले उपभोक्ता समिति भंग गर्न माग गरेमा गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

८.१५ उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछ्र्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही

वरावरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयम्ले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपनर्छे ।

८.१६ उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी गाउँपालिका/वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम किस्ता भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णयमा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

८.१७ उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरूको कार्यसम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी अनुसूची ४ बमोजिम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नेछ । यसरी योजनाको हस्तान्तरण भै सकेपछि उपभोक्ता समितिले सोको नियमित मर्मत सम्भार तथा सञ्चालनको व्यवस्था गर्नु पर्नेछ ।

८.१८ अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई गाउँ सभाको निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

८.१९ उपभोक्ताबाट संचालित योजना तथा कार्यक्रमको अनुगमन तथा सहजीकरणका लागि स्थानीय स्तरमा देहाय बमोजिमको अनुगमन समिति गठन हुनेछ :

(क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा योजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित योजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा एक जना महिला सहित तीन सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमका उपभोक्ता समिति र ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा योजनाको हकमा कार्यक्रम वा योजना प्रारम्भ हुनुभन्दा पहिले सो योजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा योजनाको हकमा सम्झौता हुनुपूर्व योजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ । कार्यक्रम वा योजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

(ग) योजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा योजनाको सार्वजनिक परिक्षण गर्ने तथा गाउँपालिकासँग गरको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा योजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र गाउँपालिकालाई सोको जानकारी गराउनु यस अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(घ) समितिले योजना सम्पन्न भएको सात दिनभित्र योजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरी, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

(ङ) योजना सुपरिवेक्षण र अनुगमन समितिले योजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र गाउँपालिकालाई उपलब्ध गराउने, योजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, योजना सञ्चालनको क्रममा देखा परेका वाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता

समितिले गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा योजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित गाउँपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

## ९. योजनाको कार्यान्वयन एवं अनुगमन

९.१ यस निर्देशिका अनुसार संचालन गरिने योजनाहरुको कार्यान्वयन उपभोक्ता समिति मार्फत तथा वोलपत्र, कोटेशन र अमानत समेतवाट हुनेछ ।

९.२ गाउँ सभाबाट योजना तथा बजेट स्वीकृत भै सकेपछि सो को जानकारी सार्वजनिक गरिनेछ । यसरी सार्वजनिक गरिएपछि यस निर्देशिकामा उल्लेख भएका प्रक्रियाहरु पूरा गराई योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयको हुनेछ ।

९.३ गाउँपालिका/वडा कार्यालयले योजनाको कार्यतालिका बनाई नियमित अनुगमन गर्नेछ ।

९.४ यस निर्देशिका बमोजिम संचालित कार्यक्रमहरुको अनुगमन गर्न निम्न बमोजिमको अनुगमन समिति रहनेछ :

(क) अध्यक्ष संयोजक

(ख) उपाध्यक्ष सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) समितिका संयोजकहरु मध्ये विषय क्षेत्र अनुसार १ जना सदस्य

(आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास)

(ङ) गाउँपालिकाले तोकेको इन्जिनियर सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(च) योजना शाखा प्रमुख सदस्य सचिव

९.५ योजनाको अनुगमन गर्ने क्रममा अनुगमन समितिका पदाधिारीले सम्बन्धित उपभोक्ता समिति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उनीहरुको कर्तव्य हुनेछ ।

९.६ बुँदा ८.४ बमोजिमको अनुगमन समितिले आवश्यक ठानेमा आवश्यकता अनुसार क्षेत्र तोकि वा कुनै योजनागत अनुगमन उपसमिति गठन गरी अनुगमनलाई प्रभावकारी रुपमा अगाडी बढाउन सक्नेछ । तर, यस्तो अनुगमन उपसमितिले आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरे पश्चात स्वतः विघठन भएको मानिनेछ ।

९.७ कुनै उपभोक्ता समितिले स्वीकृत प्रस्ताव बमोजिम योजना कार्यान्वयन नगरेमा वा गाउँपालिका/वडा कार्यालयले दिएको निर्देशनको पालना गाउँमा वा विवाद भएमा वा कुनै

कारणबश उनीहरुले योजना कार्यान्वयन गर्न सक्दैन भन्ने लागेमा कारण जनाई योजना रद्द गर्न सक्नेछ ।

९.८ पारदर्शिताका लागि अनुसूची ३ बमोजिमको ढाँचामा योजना सम्बन्धी विवरण सम्बन्धित उपभोक्ता समितिले सार्वजनिक गराउनुपर्नेछ ।

९.९ यस निर्देशिकाको बुँदा ६.२ मा उल्लेख भएको समयभित्र सम्झौता गर्न नआएमा वा सम्झौता गरेर पनि स्वीकृत कार्यतालिका बमोजिम काम नभएको पाईएमा गाउँपालिकाले त्यस्ता योजनाको रकम अन्य योजनामा सार्न सक्नेछ ।

९.१० उपभोक्ता समितिबाट संचालित कार्यक्रमको लेखा दुरूस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुनेछ । लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

९.११ भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिश गर्ने, नाप जाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

९.१२ यस निर्देशिका बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनुको साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

९.१३ यस निर्देशिका अनुसार संचालन हुने योजनाहरुको निमित्त सम्बन्धित योजना कार्यान्वयन गर्ने उपभोक्ताले माग गरे बमोजिमको प्राविधिक सहयोग एवं शान्ति सुरक्षा उपलब्ध गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ ।

## १०.. योजना जाँचपास र फरफारकसम्बन्धी व्यवस्था :

१०.१ गाउँपालिकाबाट संचालित सबै योजना तथा कार्यक्रमहरुको फरफारकका लागि निम्न बमोजिमको फरफारक समिति रहनेछ :

| | |
|---|---|
| (क) पूर्वाधार विकास समितिका संयोजक | संयोजक |
| (ख) लेखा शाखा प्रमुख | सदस्य |
| (ग) गाउँपालिकाबाट तोकिएको एक जना इन्जिनियर | सदस्य |
| (घ) योजना शाखा प्रमुख | सदस्य सचिव |

उपरोक्त समितिमा योजनाको अन्तिम मुल्याँकन गर्ने प्राविधिकलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

१०.२ गाउँपालिकाले योजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार योजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक

परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र योजनाको जाँचपास गर्नेछ ।

१०.३ गाउँपालिकाले योजना जाँचपास भएपछि फरफारक गरिदिनेछ । फरफारक भएका योजनाहरू गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**११. सार्बजनिक परीक्षण**

यस निर्देशिका बमोजिम योजना संचालन गर्ने उपभोक्ता समितिले समूह भेला गराई गाउँपालिका/वडा कायालयको प्रतिनिधिको रोहवरमा अनुसूची ५ बमोजिमको ढाँचामा सार्वजनिक परीक्षण गराउनुपर्नेछ । तोकिए बमोजिमको प्रक्रिया पूरा गरी गरिएको सार्वजनिक परीक्षण प्रतिवेदन पेश नभई अन्तिम किस्ता भुक्तानी गरिने छैन ।

**१२.. योजना हस्तान्तरण, मर्मत सम्भार र दीगो सञ्चालन**

उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरुको कार्यसम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गर्नेछ । यसरी योजनाको हस्तान्तरण भएपछि सम्बन्धित वडा कार्यालयहरुसँग समन्वय गरी उपभोक्ता समितिले सेवाशुल्क लिन र सो को नियमित मर्मत सम्भार र संचालनको व्यवस्था गर्न सक्नेछ ।

**१३. विविध**

१३.१ यस निर्देशिकामा उल्लेख भएका विषयमा यसै बमोजिम र अन्य विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१३.२ यस निर्देशिकामा उल्लेख भए बाहेक आकस्मिक रुपमा कार्यपालिकाको निर्णयबाट संचालन गर्नु पर्ने योजनाका सम्बन्धमा बुँदा ६.२ मा उल्लेख भएको समयसीमा भन्दा अगाडी वा पछाडी योजना संचालन गर्न बाधा पर्ने छैन ।

१३.३ यस निर्देशिका बमोजिम कार्य गर्दा गराउँदा आइपर्ने बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

१३.४ सिलवन्दी दरभाउ पत्र तथा वोलपत्रको माध्ययमवाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको वोलपत्र मुल्याङ्कनको लागि कार्यपालिकाले तीन सदस्यीय मुल्याङ्कन समिति गठन गर्नेछ ।

## अनुसूची-१

## (निर्देशिकाको बुँदा ६.६ सँग सम्बन्धित)

## वेनीघाट रोराङ गाउँपालिका

## जनसहभागितामा आधारित विकास कार्यक्रम योजना प्रस्तावको ढाँचा

(क) योजना सम्बन्धी जानकारी

१. नाम २. स्थान

३. विनियोजित रकम

४. लाभान्वित जनसंख्याः महिलाः पुरुष दलित आदिवासी अपाङ्ग

५. योजनाको उद्देश्यः

६. हालको भौतिक अवस्था :

७. लाभान्वित परिवार संख्याः

(ख) उपभोक्ता समिति सम्बन्धी विवरण :

१. गठन मिति :

२. गठन भएको रोहवर :

३. गठन हुँदा उपस्थित परिवार संख्या :

४. अध्यक्षको नाम :

५. सचिवको नाम :

६. भेला भएको स्थान :

७. उपभोक्ताहरुको भेलाको उपस्थिती र निर्णय :- (संलग्न गर्नुपर्ने)

८. उपभोक्ता समितिमा महिलाको प्रतिशत :

(कम्तिमा ३३ प्रतिशत हुनैपर्ने र अध्यक्ष/सचिव/कोषध्यक्ष मध्ये कम्मिा एक पदमा महिला अनिवार्य रुपमा हुनुपर्ने)

९. उपभोक्ता समितिमा उपभोक्ताहरु मध्येबाट दलित, आदिवासी/जनजातिको प्रतिनिधित्व स्थति :

**(ग) योजनाको आर्थिक पक्ष**

१. कुल लागत :

२. निर्माण सामग्री मूल्य :

क) जिल्ला बाहिरबाट खरिद हुने

| सि.न. | किसिम | मूल्य रु. | कैफियत |
|---|---|---|---|
| | | | |

ख) स्थानीय निर्माण सामग्री

| सि.न. | किसिम | मूल्य रु. | कैफियत |
|---|---|---|---|
| | | | |

३. ज्याला :क) दक्ष (ख) अदक्ष

४. ढुवानी भाडा :

५. अन्य :

**(घ) खर्च व्यहोरिने स्रोत**

१. लाभान्वित उपभोक्ताबाट : कूल लागतको ............. प्रतिशतको रु ...............

२. गाउँपालिकाबाट : कूल लागतको ............. प्रतिशतको रु...............

३. संघीय सरकारबाट कूल लागतको ............. प्रतिशतको रु...............

४. अन्य निकाय भए नाम र रकम खुलाउने :

(ङ) योजनासम्बन्धी कारबाही

१. योजना माग गर्ने उपभोक्ता समितिको अध्यक्ष र सचिवको दस्तखत :

अध्यक्ष सचिव

२. प्रस्ताव अध्ययन गरी सिफारिश गर्ने प्राविधिकको राय :

(च) योजना कार्यान्वयन कार्यतालिका

| **गतिविधि** | **समय तालिका** | **जिम्मेवारी निकाय** |
|---|---|---|
| | | |
| | | |
| | | |

३. गाउँपालिकाबाट प्रस्ताव स्वीकृति मिति र निर्णय नं. :

**अनुसूची २**

**(निर्देशिकाको बुँदा ६.७ सँग सम्बन्धित)**

**वेनीघाट रोराङ गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**धादिङ जिल्ला, ३ नं. प्रदेश**

## योजना सम्झौता - पत्र

योजनाको नाम : :.............................................................................................................

वार्ड नं. : ........... बस्ती/टोलः ...........................................................................

योजनाको कूल अनुमानित लागत रु. .................................................................

सहभागिताको योगदानः

क) गाउँपालिका ....................... ख) संघीय सरकार ..........................

ग) नीजि क्षेत्र ....................... घ) गैरसरकारी क्षेत्र (राष्ट्रिय/अन्तर्राष्ट्रिय)

ङ) उपभोक्ता ........................ (च) विषयगत कार्यालय ...............

घ) अन्य : ........................................

(नोटः योगदान उपलब्ध गराउने साझेदारहरुको सहयोगको विवरण जस्तै नगद, श्रम, जिन्सी, प्राविधिक सेवा आदि के हो सोको स्पष्ट जानकारी गराउनु पर्नेछ ।)

**१. उपभोक्ता समिति सम्बन्धी विवरण**

**१.१ योजनाबाट लाभान्वित हुने**

क) जम्मा परिवार संख्या ख) जम्मा जनसंख्या

ग) पिछिडिएको परिवार संख्या घ) पिछिडिएको वर्गको जनसंख्या

ङ) अन्य परिवार संख्या च) अन्य वर्गको जनसंख्या

१.२ उपभोक्ता समिति गठन भएको मितिः

१.३ उपभोक्ता समिति अनुमोदन भएको मितिः

**१.४ उपभोक्ता भेलामा उपस्थिति संख्याः**

**१.५ उपभोक्ता समितिको पदाधिकारीको विवरण :**

| क्र.सं. | नाम थर | लिङ्ग | पद | बुवा/पतिको नाम | बाजेको नाम | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**१.६ अनुगमन समितिका पदाधिकारीको विवरण :**

| क्र.सं. | नाम थर | लिङ्ग | पद | बुवा/पतिको नाम | बाजेको नाम | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**१.७ योजना खाता राख्ने आधिकारिक पदाधिकारीको विवरण**

नामः- पदः- ठेगानाः-

## २. योजना सम्बन्धी विवरण :

२.१ योजनाको क्षेत्र :

क) आर्थिक ख) सामाजिक ग) भौतिक पूर्वाधार घ) अन्य

२.२ (क) योजना शुरु हुने मति : (ख) योजना सम्पन्न हुने अनुमानित मिति :

**३. योजनाको प्राविधिक विवरण** (योजनाको लागत अनुमानबाट भर्ने):

क) विद्यालय भवन भए, कोठा संख्या : ............................... क्षेत्रफल : .........................(व.मी.)

ख) सामुदायिक भवन भए, कोठा संख्या : ............................ क्षेत्रफल : .........................(व.मी.)

ग) खेल मैदान भएः .................................. सो को क्षेत्रफल : ..................................... (व.मी.)

घ) बाटो भए, लम्बाई : ........................................ कि.मी. (मोटर बाटो( वा (घोडेटो)

ङ) कल्भर्ट तथा ढल भए, लम्वाई : .............................(मी) चौडाइ ...................... मी

च) अन्य :

**४. उपभोक्ता समितिलाई प्रदान गरिने किस्ताको विवरण**

| किस्ता | निकासा गरिने अुनमानित मिति | रकम (रुपैयाँ) | जिन्सी (रुपैयामा उल्लेख गर्ने) | प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## ५. सम्झौताका शर्तहरु

### क) नीतिगत

१. योजनासंग सम्बन्धित प्राप्त नगद/जिन्सी उपभोक्ता समितिले सम्बन्धित योजनामा मात्र खर्च गर्नु पर्नेछ । प्राप्त नगद/जिन्सीको दुरुपयोग, हिनामिना वा हानी गरेमा प्रचलित नियम अनुसार कारवाही हुनेछ ।

२. कार्यालयले व्यहोर्ने रकम विभिन्न किस्ताहरुमा सम्भव भएको ठाउँमा उपभोक्ता समितिको नाउँमा बैंकमा खाता खोली पेश्कि रकम भुक्तानी दिइनेछ ।

३. पहिलो किस्ता रकम खर्चको उपभोक्ता समितिबाट बैठकबाट अनुमोदन गरी दोश्रो किस्ता माग गर्ने निर्णय गर्नु पर्नेछ । सो निर्णयको आधारमा गाउँपालिकामा तत्कालै अर्को किस्ता निकासा माग गर्नुपर्नेछ । सोही प्रकारले अन्तिम किस्ता लिनु अघि सो भन्दा अगाडिको निकासा/खर्च पनि अनुमोदन गर्नुपर्नेछ ।

४. गाउँ कार्यपालिका/वडा कार्यालयको नीति निर्देशनको अधिनमा रही योजना संचालन गर्नुपर्नेछ ।

५. उपभोक्ता समितिले पाएको काम ठेकेदारबाट गराउन पाइने छैन । उपभोक्ता समितिले कुनै विशेष काम गर्न नसक्ने भइ कार्यालयबाटै गरिदिन लिखित अनुरोध गरेमा कार्यालयले कुनै प्रकृयाबाट त्यस्तो काम गराउन सक्नेछ ।

६. उपभोक्ता समितिले रकम दुरुपयोग गरेको बुझिन आएमा छानविन गरी दुरुपयोग भए जति रकम उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७. योजना सम्पन्न भएपछि त्यस्को संरक्षण र नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी उपभोक्ता समितिको हुनेछ ।

८. उपभोक्ता समितिबाट योजना कार्यान्वयन र सञ्चालन गर्दा योजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित योजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले आ-आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

९ स्थानीय तहका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय तहको कुनै पनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट गाउँका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

१० उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनु पर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनु पर्नेछ ।

११ एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैनन् । साथै एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

**ख) प्राविधिक**

१. उपभोक्ता समितिले योजनाको डिजाइन, इष्टिमेट बमोजिम निर्वाध रुपले समयमा सम्पन्न गर्नुपर्नेछ ।

२. नापी किताव तयार गरी पेश गर्ने जिम्मेवारी योजना तथा प्राविधिक शाखाको हुनेछ ।

३. संशोधित इष्टिमेट स्वीकृत नगराइ स्वीकृत इष्टिमेटको कार्य विवरणमा हेरफेर गरी कार्य गरेमा त्यसको भुक्तानी गर्न कार्यालय बाध्य हुनेछैन ।

४. स्वीकृत इष्टिमेटको कार्य विवरणको मुख्य बुंदाहरुमा बाहेक अन्य केही बुंदाहरुमा समान्य हेरफेर गर्नुपर्ने भएमा सम्बन्धित साइटमा खटिएको प्राविधिकको स्वीकृत लिई ईष्टिमेट रकम नबढ्ने गरी कार्य गर्न सकिनेछ ।

५. ईष्टिमेट भन्दा बढी कार्य गर्नुपर्ने भएमा, मुख्य बुँदाहरुमा संशोधन गर्नुपर्ने भएमा अथवा केही नयाँ बुदाँहरु थप गर्नुपर्ने भएमा पुनः संशोधित ईष्टिमेट स्वीकृत गरिसकेपछि मात्र कार्य गर्नुपर्नेछ ।

६. तोकिए बमोजिमको समयमा योजनाको प्रगति विवरण कार्यालयमा बुझाउनु पर्नेछ ।

७. योजना सम्बन्धी आवश्यक नाप नक्सा कार्यालयले उपलब्ध गराउने छ ।

**ग) जिन्सी सामानः**

१. उपभोक्ता समितिले खाता नभएका क्षेत्रका कार्य संचालन गर्न नसक्ने कार्यमा न.पा. आफैले योजना संचालन गर्नेछ ।

२. उपभोक्ता समितिले आफूखुसी सामाग्री खरिद गरेमा कार्यालयबाट भुक्तानी गर्न सकिने छैन ।

३. निर्माण स्थलको सुरक्षा र निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरुको सुरक्षा उपभोक्ता समिति आफैले गर्नुपर्नेछ । कुनै सामग्री हराए, अपुग भए वा नोक्सान भएमा प्राविधिकले सिफारिस गरेअनुसारको मूल्य उपभोक्ता समितिले व्यहोर्नु पर्नेछ ।

४. काम गर्न आवश्यक उपकरणहरु तथा ज्यावलहरु जस्तै पिक, सावेल आदि कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ । सम्बन्धित कार्यालयबाट उपलब्ध हुन नसकेमा मात्र पूर्व स्वीकृत लिई उपभोक्ता समितिले किन्न सकिने छ ।

५. उपभोक्ता समितिले साइटमा खटिएको प्राविधिकको सिफारिसमा मात्र सामान खरीद गर्नुपर्ने छ । निर्माण कार्य सम्पन्‍न भैसकेपछि निर्माण सामग्री मौज्दातमा रहन आएमा कार्यालयमा बुझिलिने छैन । यसरी बढी हुन आएको सामानको रकम कार्यालयले भुक्तानी गर्ने छैन ।

६. टोल सुधार समितिको गठन भई विधिवत दर्ता भएको अवस्थामा सो क्षेत्रमा योजना संचालन गर्दा छुट्टै उपभोक्ता समिति गठन हुने छैन ।

**घ) बील भर्पाई**

१. योजना सम्पन्न भएपछि मुल्याकन गर्न सम्बन्धित वडा कार्यालय र योजना तथा प्राविधिक शाखामा सम्पर्क गरी उपभोक्ता समितिले डोरहाजिर फाराम, कार्यालयको पूर्व स्वीकृति प्राप्त गरी सामान खरिद गरेको भए सोको बील, कार्य सम्पन्न भएको भए उपभोक्ता समितिले निर्णय, निवेदन साथ राखी अन्तिम मुल्यांकन र जाँचपासको लागि योजना तथा प्राविधिक शाखामा बुझाउनु पर्नेछ ।
२. कार्य सम्पन्न भएको सात दिन भित्र कार्य सम्पन्न भएको उपभोक्ता समितिले निर्णय सहित पेश्की फछ्र्यौटको लागि सम्पूर्ण कागजातहरु कार्यालयमा पेश गर्नुपर्नेछ । यसरी पेश गर्दा सार्वजनिक परिक्षणको मुचुल्का पनि संलग्न गर्नुपर्नेछ ।
३. केरमेट भएको, उपभोक्ता समितिको अध्यक्षको सही छुट भएको, अस्पष्ट लेखिएको सामानको नाम र संख्या नखुलेको बील भर्पाईलाई मान्यता दिइने छैन ।
४. उपभोक्ता समितिले निर्माण सामग्री खरीद गरेको अवस्थामा प्रचलित नियमानुसार छपाई गरेको सक्कल बील नै पेश गर्नुपर्नेछ ।
५. निर्माण कार्यमा श्रमदान जुटेको भए सोको समेत अलग्गै डोर हाजिर फाराम पेश गर्नुपर्नेछ ।
६. निर्माण कार्यमा जिन्सी तथा आर्थिक सहयोग प्राप्त भएको भए त्यसको विवरण समेत पेश गर्नुपर्नेछ ।
७. उपभोक्ता समितिले सामानहरु खरीद गर्दा सकभर आयकर, भ्याट र न.पा.मा व्यवसाय दर्ता भएका पसलहरुसंग नियमानुसार खरीद गर्नुपर्नेछ ।

**ङ) अन्य**

१. सम्झौतामा उल्लेख भएको म्यादभित्र उपभोक्ता समितिले योजना सम्पन्न गरिसक्नु पर्नेछ । कुनै कारणवश योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नुको औचित्यको आधारमा सम्झौताको म्याद थप गर्न सक्नेछ । तर लापर्वाहि गरिएको ठहरिएमा गाउँपालिका म्याद थप गर्न बाध्य हुने छैन । म्याद थप नगरी भुक्तानी/पेश्की उपलब्ध हुने छैन ।
२. लागत सहभागिता विवरण उल्लेख भए अनुसार सहभागिता जुटाउनु उपभोक्ता समितिको जिम्मेवारी हुनेछ ।
३. गाउँपालिकाले किस्ताबन्दीमा उपलब्ध गराएको पेश्की रकम र खर्चको सार्वजनिक परीक्षण गराउनु पर्नेछ । सार्वजनिक परीक्षण गर्ने मिति, समय र स्थान अग्रिम रुपमा सम्बद्ध सबैलाई जानकारी गराउनु पर्दछ । सो खर्च सार्वजनिक गर्ने भेलामा उपभोक्ताहरु कम्तिमा ५० प्रतिशत, सम्बन्धित वडाका प्रतिनिधिहरु, सामाजिक सेवामा संलग्न व्यक्ति, सरकारी/गैर सरकारी संस्थाका प्रतिनिधिलाई आमन्त्रण गरी आम्दानी तथा खर्चको विवरण सार्वजनिक गर्नु पर्दछ । सो समयमा भएका भौतिक तथा वित्तिय प्रगति, समस्या, अवलम्बन गरिएका उपाय आदिको विवरण सार्वजनिक गरी छलफल गराउनु पर्दछ ।
४. योजनाको सार्वजनिक परिक्षण, सूचना पाटी, आम्दानी खर्चको सार्वजनिकरण तथा अन्य पारदर्शिता सम्बन्धि प्रावधानको पालना गर्नुपर्ने छ ।
५. उपभोक्ता समितिले पेश्की लिएर लामो समयसम्म योजना संचालन नगरी नराख्ने, योजनाको रकमको दुरुपयोग नगर्ने, आय व्ययको विवरण दुरुस्त राख्ने गर्नु पर्दछ । उपभोक्ता समितिको कुनै सदस्यले उपरोक्त बमोजिमको लापरवाही गरेको पाइएमा निजसंग रहेको पेश्की रकम तत्काल फिर्ता गर्नुपर्नेछ । फिर्ता नभएमा १० प्रतिशतका दरले ब्याज सहित सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
६. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।

## अनुसूची - ३

**(निर्देशिकाको बुँदा ८.११ सँग सम्बन्धित)**

## वेनीघाट रोराङ गाउँपालिका

**उपभोक्ता समितिले गाउँपालिकामा पेश गर्नुपर्ने प्रगति विवरण/खर्चको सूचना**

मितिः २०    ।    ।    .

श्रीमान् प्रमुखज्यू,
वेनीघाट रोराङ गाउँपालिका ।

**विषयः प्रगति प्रतिवेदन पेश गरेको ।**

त्यस गाउँपालिका र हामीबीच मिति ................ मा भएको सम्झौताको शर्त बमोजिम हामीले गरेको देहायको योजनाको कार्यप्रगति निम्न बमोजिम भएकोले प्रगति प्रदिवेदन साथ आवश्यक विल, भरपाई, उपभोक्ता समूह/समितिको निर्णय समेत संलग्न राखी यसैसाथ पेश गरेको छु । ................. किस्ता भुक्तानी/जाँचपास फरफारक गरिपाउँ भनी अनुरोध गर्दछु । तपसिल

**१. योजनाको विवरण**

योजनाको नाम :

वडा नं. :    टोल :    बस्ती :    उपभोक्ता समूहको अध्यक्षको नाम :

उपभोक्ता समितिको सचिवः    उपभोक्ता समितिको कोषाध्यक्षको नाम :

**२. योजनाको लागत :**

प्राप्त अनुदान रकम    रु.   .............

गाउँपालिकाबाट लागत सहभागिता रकम रु................ जनसहभागिता रकम रु.   .............

अन्य स्रोतबाट प्राप्त रकम    रु................ गरी **जम्मा रकम रु.**   .............

योजना सम्झौता मिति :    योजा सम्पन्न हुने अनुमानित मिति :

**३. हालसम्मको खर्च रु.**

***क. गाउँपालिकाबाट प्राप्त रकम :***

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रु. .

२. ज्याला :-    दक्ष रु. :-    अदक्ष रु .    जम्मा रु.

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रु.

४. अन्य

***ख. जनसहभागिताबाट व्यहोरिएको नगदबाट खर्च रु. :***

श्रमको मूल्य बराबर रकम रु.

जिन्सी सामान मूल्य बराबर रकम रु. कूल जम्मा रु.

**४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु.**

**५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रु.**

**६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरूः**

क.

ख.

**७. समाधानका उपायहरू**

क.

ख.

**८. गाउँपालिकाबाट अनुगमन भए अनुगमनको सुझाव :**

**९. हाल माग गरेको किस्ता रकम रु.**

**१०. मुख्य खर्च प्रयोजन**

**११. माथिको व्यहोरा उपभोक्ता समिति/समूहमा परिसकेको छु र उक्त व्यहोरा साँचो हो ।**

**१२. प्राप्त रकम योजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।**

**१३. प्रमाणित गर्ने :**

| | |
|---|---|
| ................. | ................... |
| सचिव | कोषाध्यक्ष |

**(प्रगति विवरण तयार गर्दा उपस्थित भएका व्यक्तिहरुको उपस्थिति विवरण संलग्न गर्नु पर्नेछ)**

## अनुसूची ४

## (अनुसूचीको बुँदा ८.१८ बमोजिम)

## वेनीघाट रोराङ गाउँपालिका

## योजना हस्तान्तरण फाराम

योजनाको नाम र स्थान :

योजनाको लागत अनुमान : खुद लागत :

निर्माण प्रक्रिया : (क) उपभोक्ता समिति (ख) सामुदायिक संस्था -ग) गैसस (घ) विषयगत कार्यालय (ङ) ठेक्का (च) अन्य

योजना सम्झौता मिति :

योजना सम्पन्न मिति :

योजना जाँचपास/फरफारक मिति :

योजना हस्तान्तरण मिति :

जिम्मा लिने निकाय :

कैफियत :

| | |
|---|---|
| योजना वुझाउनेको दस्तखत | योजना वुझ्नेको दस्तखत |
| पद | पद |
| मिति | मिति |

**हस्तान्तरणका शर्तहरु :**

क) हस्तान्तरण भएका योजनाहरुको मर्मत सम्भार सम्बन्धमा सम्वन्धित वुझिलिने उपभोक्ता समिति/निकायले जिम्मा लिनुपर्नेछ ।

ख) हस्तान्तरीत आयोजनाबाट सरोकारवाला सवैको सहभागितामा लाभको वाँडफाँडको प्रतिफल सम्वन्धमा उपभोक्ता समितिको निर्णयबाट गराउनु पर्नेछ ।

ग) सेवा शुल्क असुल गर्ने विषयमा गाउँपालिकाको पूर्व सहमति लिनु पर्नेछ ।

घ) मर्मत संभार सम्वन्धी व्यवस्था कार्यविधि समेत वनाई व्यवस्था मिलाउन सकिनेछ ।

ङ) यो फाराम अभिलेखको लागि एक प्रति कार्यालयमा सुरक्षित राख्नु पर्नेछ ।

**अनुसूची ५**
**(निर्देशिकाको बुँदा ११ सँग सम्बन्धित)**
**वेनीघाट रोराङ गाउँपालिका**
**सार्वजनिक परीक्षणको प्रतिवेदन**

श्री प्रमुखज्यू
वेनीघाट रोराङ गाउँपालिका ।

१. **योजनाको** क) नामः ख) स्थलः

ग) लागत अनुमान :

घ) योजना शुरु भएको मितिः

ङ) योजना सम्पन्न मितिः

च) योजनाको अवस्थाः (क) सम्पन्न (ख) अधूरो (ग) बिग्रिएको

२. **उपभोक्ता समिति/गैसस/सामुदायिक संस्थाको** क) नाम :

ख) अध्यक्षको नाम :

ग) सदस्य संख्या : महिला ..... पुरुष.....

३. **सार्बजनिक परीक्षण भएको** क) मितिः ख) स्थानः ग) समयः

४. **उपस्थिति** :

| **नाम** | **ठेगाना** | **पद** |
|---|---|---|
| | | |
| | | |

(उपस्थिति विवरणको प्रतिलिपि संलग्न गर्नु पर्नेछ)

५. **योजनाको लक्ष तथा प्रगति विवरणः**

| **कामको विवरण** | **लक्ष** | **प्रगति** |
|---|---|---|
| | | |
| | | |
| | | |

**६. उपभोक्ता समिति/गैसस/सामुदायिक संस्थाले पेश गरेको आम्दानी खर्चको विवरण:**

| **आम्दानी तर्फ** | |
|---|---|
| **विवरण** | **रकम रु.** |
| सहयोगी संस्थाबाट निकासा | |
| सामग्री | |
| जनसहभागिता | |
| श्रमदान | |
| अन्य | |

| **खर्चको विवरण** | | | |
|---|---|---|---|
| **अनुदान तर्फ** | | **श्रमदान तर्फ** | |
| विवरण | रकम रु. | विवरण | रकम रु. |
| क.निर्माण सामग्री | | क.निर्माण सामग्री | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| ख.कामदार | | ख.कामदार | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| ग.ढुवानी | | ग.ढुवानी | |
| | | | |
| | | | |
| | | | |
| घ.मेसिनरी औजार | | घ.मेसिनरी औजार | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | | जम्मा | |

**७. उपभोक्ता समिति/सामुदायिक संस्थाले पेशगरेको विवरण माथि सार्बजनिक परीक्षणमा उपस्थित व्यक्तिहरूको प्रतिक्रिया तथा सुझाव:**

| क्र.सं. | सुझावकर्ताको नाम थर | सुझावको क्षेत्र, प्रतिकिया तथा सुझावको सारसंक्षेप |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

उपर्युक्त खर्च विवरण उपभोक्ता समितिले पेश गरेको विवरण सँग मेल खान्छ वा खाँदनै, कैफियत जनाउने :

**८. जानकारीका लागि सो विवरण सवै सरोकारवालाहरूलाई सूचित गर्न सार्वजनिक स्थलको सूचना पाटीमा टाँस भए / नभएको**

.................... ..................... .....................

नामः नामः नाम :

सहजकर्ता/ प्राविधिक उपभोक्ता समितिको अध्यक्ष वडाध्यक्ष

बुझाएको मितिः